नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## अत्यन्त जरुरी सूचना

देशमा संविधान अनुरुप तीनै तहको निर्वाचन सम्पन्न भै संघीय प्रणाली अनुरुप तीनै तहका सरकार गठन भै काम कारवाही अगाडि बढिरहेका छन्। सरकार गठन सँगै राजनीतिक स्थिरता सहित आम जनताका अपेक्षा र आकांक्षा अनुरुप सामाजिक समस्याको समाधान र अवसरहरुको उपयोग गर्दै विकास र समृद्धि मार्फत जनताको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउनु आवश्यक भएको छ ।यस कार्यका लागि प्रशासनिक संयन्त्र पनि सोही अनुरुप परिचालित भई आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गरी जनतामा तत्काल परिवर्तन र राहतको अनुभूति गर्ने वातावरण सिर्जना गर्नु आवश्यक देखिएको छ ।

विगतको असामान्य परिस्थितिमा तत्कालिन अवस्थालाई मध्यनजर गरी सकारात्मक उद्देश्यका साथ अति आवश्यक कार्यका लागि सरकारी नम्बर प्लेटलाई अस्थाई रुपमा रातोमा परिणत गरिएकोमा हालको सामान्य अवस्थामा समेत कतिपय सरकारी निकायहरुले सवारी साधनलाई रातो नम्बर प्लेटमा यथावत वा परिवर्तन गरी आफूखुशी प्रयोग गर्ने गरेको, सार्वजनिक विदाका दिनमा कार्यालयको काम वाहेक अन्य प्रयोजनमा समेत प्रयोग गरी दुरुपयोग भए गरेको सम्वन्धमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। सरकारी सवारी साधनको दुरुपयोग सम्वन्धमा आम नागरिक, सञ्चार माध्यम, सामाजिक सञ्जाल र नागरिक समाजबाट समेत समय समयमा चासो र चिन्ता व्यक्त हुँदै आएको सन्दर्भमा यस मन्त्रालयबाट पनि उक्त विषयलाई गम्भीरता साथ लिइएको छ ।

सरकारी सवारी साधनको दुरुपयोग हुन नदिन गृह मन्त्रालय प्रतिवद्ध रहेको छ । यी र यस्ता चासो, चिन्ता र गुनासो समेतलाई सम्बोधन गर्ने सन्दर्भमा गृह मन्त्रालय सरकारी सवारी साधनको दुरुपयोग विरुद्ध कडाईका साथ कारवाही गर्न दृढ रहेको व्यहोरा सम्वद्ध सबैमा जानकारी गराइन्छ। साथै सर्वजानिक विदाको दिनमा सरकारी नम्वर प्लेटको सवारी साधन सरकारी कामकाजको सिलसिलामा प्रयोगमा ल्याउनु पर्ने भएमा स्पष्ट प्रयोजन, प्रयोग गर्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर खुलाईएको एवं सवारी पास उपलब्ध गराउने अधिकार प्राप्त निकाय तथा पदाधिकारीको स्वीकृति लिई मात्र प्रयोग गर्नु हुन सबै सरकारी निकायहरुलाई यसै सूचना मार्फत् जानकारी गराईन्छ। यस पूर्व सरकारी नम्बर प्लेटलाई अस्थाई रुपमा रातोमा परिणत गरिएका सम्पूर्ण सवारी साधनलाई तत्काल सरकारी नम्बर प्लेटमा परिणत गर्नु हुन सम्वद्ध सम्पूर्ण सरकारी निकायलाई यसै सूचना मार्फत् जानकारी गराईन्छ । सरकारी सवारी साधनको दुरुपयोग सम्बन्धि सूचना एवं जानकारी समेत यस मन्त्रालयको फोन नम्बर ०१-४२११२१४, ०१-४२११२०८ मा जुनसुकै समयमा उपलब्ध गराई दुरुपयोग गर्ने कार्य रोक्ने अभियानमा सहयोग गरी दिनुहुन सम्बद्ध सबैमा गृह मन्त्रालय हार्दिक अपिल गर्दछ।

चैत्र ५,२०७४

०७४।१२।५
(रामकृष्ण सुवेदी)
सह-सचिव/प्रवक्ता